


# स्वीडेन र इंग्लिस टोलीबीच कडा प्रतिस्पर्धा हुने

समाराको कसमस एरेनामा शनिबार हुने क्वार्टरफाइनलको तेस्रो खेलमा स्वीडेनले जारी विश्वकपको वजनदार टोली इंग्ल्यान्डको सामना गर्दै छ। यसअघि अन्तिम १६ मा स्विजरल्यान्डलाई १-० ले हराउँदै स्वीडेनले क्वार्टरफाइनलमा स्थान पक्का गरेको हो। यस्तै इंग्ल्यान्डले विश्वकपमा पेनाल्टी शुटआउटमा पहिलोपटक जित्दै कोलम्बियालाई तनावपूर्ण खेलमा हराएको थियो।

इंग्ल्यान्डले विश्वकप १९६६ मा जितेको थियो। ४ वर्षअघि ब्राजिलमा इंग्ल्यान्ड छिटै बाहिरियो भने युरो २०१६ मा पनि आइसल्यान्डसँग हारेर लज्जित भएको थियो। रुसमा जारी विश्वकपअन्तर्गत ग्यारेथ साउथगेटको टोलीका खेल पुरै इंग्ल्यान्डको जनताले हेरिरहेका छन्। कोलम्बियाविरुद्धको शुटआउटमा २ करोड ३६ लाख त्यहाँका जनताले हेरेका थिए।

इंग्ल्यान्डका युवा खेलाडी जोन स्टोन्सले पनि स्वीडेनविरुद्धको खेल सहज नहुने बताएका छन्। जारी विश्वकपको यात्रामा बेल्जियमसँग हार्नुअघि इंग्लिस टोलीले लगालग ४ म्याचमा जितेको थियो। जारी विश्वकपमा खेलेको ४ म्याचमध्ये १ मात्र खेल गुमाएको इंग्ल्यान्डका ह्यारी केनले जारी विश्वकपमा सर्वाधिक ६ गोल गरेका छन्।

पछिल्ला ६ म्याचमा स्वीडेनलाई जर्मनीले मात्र २-१ ले हराएको छ। तिनै गोल पनि पछिल्ला ६ म्याचमा बेहोरेको पहिलोपटक थियो। यसो हेर्दा स्वीडेनको डिफेन्स बलियो देखिएको छ। तर आज हुने इंग्ल्यान्डविरुद्धको खेलमा टोलीका माइकेल लुस्टिग देखिने छैनन्। उनको स्थानमा एमिल क्राफ्थले राइट ब्याकमा खेल्नेछन्। तर पछिल्लो खेल गुमाएका सेबेस्टियन लार्सन इंग्ल्यान्डविरुद्धको खेलमा फर्कने भएपछि मिडफिल्ड चुस्त हुन सक्नेछ।

उता कोलम्बियासँगको खेलपश्चात् थुप्रै इंग्लिस खेलाडीलाई चोटले सताएको छ। त्यसमध्ये आस्ले योङ र जेमी भार्डी स्वीडेनविरुद्ध खेल्नेमा निश्चित् देखिएको छैन। किली वाकर, ह्यारी केन र डेले अली भने सामान्य चोटपछि तयार भइसकेका छन्। यदि योङले नखेलेमा डेनी रोज उनको विकल्प हुनेछन्।

### रणनीति

सम्भावित ४-४-२ को रणनीतिमा खेल्ने स्वीडेनविरुद्ध इंग्लिस टोलीले ३-१-४-२ को रणनीति अपनाउन सक्नेछ। जसअनुसार फरवार्ड ह्यारी केन र रहिम स्टर्लिङलाई अट्याकिङ मिडफिल्डर किरेन ट्रिपर, जेसे लिन्गार्ड, डेल्ले अली र डेनी रोजले आक्रमणमा साथ दिनेछन्। जसलाई निस्तेज पार्न स्वीडेनका गोलरक्षक रोबिन ओल्सेनसहित डिफेन्डर एमिल क्राफथ, भिक्टर लिन्डेलोफ, आन्द्रिएस ग्रान्कभिस्ट, सेबेस्टियन लार्सन, अल्बिन एकडल र लुडविग अगस्टिन्सनको रक्षात्मक घेरालाई चुनौती बन्नसक्छ।

यस्तै स्वीडेनका फरवार्डद्वय ओला टोइभोनेन र मार्क्स बर्गसहित मिडफिल्डर भिक्टर क्लासेन, सेबेस्टियन लार्सन, अल्बिन एकडल र एमिल फोर्सबर्गले सघाउनेछन्। जसलाई झेल्न इंग्ल्यान्डका गोलरक्षक जोर्डन पिक्फोर्ड र डिफेन्डर किली वाकर, जोन स्टोन्स र ह्यारी माग्युएरेले सावधानी अपनाउनुपर्नेछ। यस्तै इंग्लिस डिफेन्सिभ मिडफिल्डर जोर्डन हेन्डरसनले भने रक्षापंक्ति र अग्रपंक्तिमा सहायकको भूमिका निभाउन सक्नेछन्।

### हेड टु हेड

यी दुवैले एकअर्काविरुद्ध २४ पटक खेलेका छन्। जसमध्ये इंग्ल्यान्डले ८ पटक जित्दा स्वीडेन ७ पटक विजयी भएको छ। यस्तै ९ पटक भने दुवै टोलीले बराबरीमा चित्त बुझाएका छन्। सन् २००२ र २००६ को विश्वकपमा पनि यी दुई आमने सामने भएका थिए। जसमध्ये २००२ मा १-१ तथा २००६ मा २-२ गोलको बराबरीमा खेल टुंगिएको थियो।

Vs



### क्वार्टरफाइनलका खेलहरु

| | | | |
|---|---|---|---|
| **असार २२ गते** | | | |
| फ्रान्स | २ | ० | उरुग्वे |
| ब्राजिल | | | बेल्जियम |
| **असार २३ गते** | | | |
| इंग्ल्यान्ड | | | स्विडेन |
| क्रोएसिया | | | रूस |

### आजको खेल

स्वीडेन Vs इङ्ल्याण्ड
समय : बेलुकी ७:४५ बजे/ स्थान : कसमस एरेना, समारा

रसिया Vs कोस्टारिका
समय : राति ११:४५ बजे/ स्थान : फिस्ट ओलम्पिक स्टेडियम, सोची

### विश्वकप २०१८ का गोलकर्ता



**६**
ह्यारी केन (इंग्ल्यान्ड)

**४**
रोमेलु लुकाकु (बेल्जियम)
क्रिस्टियानो रोनाल्डो (पोर्चुगल)

**३**
डेनिस चेरिसेभ (रूस)
क्लियन एमबाप्पे (फ्रान्स)
एडिसन काभानी (उरुग्वे)
आर्टेम डजुबा (रूस)
डिएगो कोस्टा (स्पेन)
येरि मिना (कोलम्बिया)
एन्टोइने ग्रिजम्यान (फ्रान्स)

**२**
इडेन हाजार्ड (बेल्जियम)
वाहबी खाज्री (ट्युनिसिया)
लुइस सुआरेज (उरुग्वे)
सर्जियो अग्वेरो (अर्जेन्टिना)
मोहम्मद सलाह (इजिप्ट)
जोन स्टोन्स (इंग्ल्यान्ड)
लुका मोड्रिच (क्रोएसिया)
अहमद मुसा (नाइजेरिया)
एन्ड्रेज ग्रानक्विस्ट (स्वीडेन)
माइल जेदिनाक (अस्ट्रेलिया)
सन हिउँग मिन (दक्षिण कोरिया)
फिलिपे कौटिन्हो (ब्राजिल)
नेयमार (ब्राजिल)



*Images are only for representational purpose. Actual Product may vary.
* Get Pet Jar free with 500g flavor packs Juicy Orange, Yummy Mango and Tangy Lemon only.

## बीबीसीले जित्यो उपाधि



तस्वीर : उजोल डंगोल

काठमाडौं, (नेस)

ब्रिगेड ब्वाइज क्लब (बीबीसी) ले तेस्रो ललित स्मृति यु १८ फुटबल प्रतियोगिताको उपाधि जितेको छ।

शुक्रबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा भएको फाइनल खेलमा बीबीसीले त्रिभुवन आर्मी क्लबलाई १-० ले हराएको हो। यो जितसँगै आर्मीको लगातार उपाधि जित्ने सपना तुहियो। विजेता टोलीका लागि निर्णायक गोल अनुप गुरुङले ८७औं मिनेटमा गरेका थिए।

यो जितसँगै बीबीसीले पहिलो पुरस्कार ३ लाख रकम हात पार्दा आर्मीले १ लाख ५० हजार नगद प्राप्त गर्‍यो। प्रतियोगिताअन्तर्गत विभिन्न विधामा उत्कृष्ट हुने आर्मीका डिफेन्डर विकास खवास, र फरवार्ड दिनेश हेम्जन, बीबीसीका गोलकिपर आकास रानाभाट, मिडफिल्डर जय गुरुङ र कोच उजेन श्रेष्ठले जनही १० हजार नगद हासिल गरे।

## हल्चोकमा मैत्री फुटबल सम्पन्न

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय ओलम्पिक दिवसको अवसरमा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोक स्वयम्भुस्थित नेपाल एपीएफ रंगशालामा शुक्रबार मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्पन्न भएको छ। सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले एक समारोहका बीच फुटबल खेलका मुख्य रेफ्री दिनेश अधिकारीलाई फुटबल हस्तान्तरण गरी सो प्रतियोगिताको शुभारम्भ गर्नुभएको हो। सो अवसरमा भएको खेलमा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय टिमले सशस्त्र प्रहरी बल नेपाल उपत्यका सुरक्षा कार्यालय टिमलाई ३-० ले हरायो।



## रुस इतिहास रच्ने धुनमा

२१औं संस्करणको फिफा विश्वकप आयोजक रुसले शनिबार राति सोचीको फिस्ट ओलम्पिक स्टेडियममा हुने अन्तिम क्वार्टरफाइनल म्याचमा क्रोएसियासँग खेल्दै छ। यसमा विजयी हुने टोलीले सेमीफाइनलमा स्वीडेन र इंग्ल्यान्डबीच हुने खेलको विजेतासँग खेल्नेछ। यसअघि अन्तिम १६ को खेलमा यी दुवै टोली टाईब्रेकरमा विजयी भई क्वार्टरफाइनलमा प्रवेश गरेका हुन्। रुसले २०१० को विश्व च्याम्पियन स्पेनलाई र क्रोएसियाले डेनमार्कलाई हराएका थिए।

रुस अझ माथि गएर इतिहास रच्ने कोसिस गर्नेछ। १ म्याच प्रतिबन्धपछि इगोर स्मोल्नीकोभ टोलीमा फर्कने भएपछि क्रोएसियाविरुद्ध रुसलाई केही मद्दत पुग्न सक्नेछ। यस्तै समूहको पहिलो खेलमा चोट बेहोरेका एलन जागोएभ पनि क्वार्टरफाइनलमा खेल्न सक्नेछन्। तर स्पेनविरुद्धको खेलमा चोट लागेका युरी झिर्कोभ खेल्नेमा भने ठूलो आशंका छ। यदि उनी दुरुस्त हुन नसकेमा भने फ्योडोर कुद्रिएशोभले रसियाली लेफ्टब्याक सम्हाल्नेछन्।

रुसका उच्च गोलकर्ता डेनिस चेरिसेभ पनि सुरुआती ११ मा अटाउने प्रबल सम्भावना रहेको छ। यता डेनमार्कविरुद्धको खेलमा चोट लागेका क्रोएसियाका ईभान स्त्रीनिच भने खेल्नेमा आशंका छ। यदि उनले नखेलेमा भने जोसिप पिभारीचले उनको स्थान लिनेछन्। यस्तै भरड्रान कोर्लुका र अन्डेज क्रमरिच पनि रसियाविरुद्धको खेलमा मैदानमा उत्रन सक्नेछन्।

विश्वकप अघि खेलिएको ७ खेलमा रुसले कुनै पनि म्याचमा जित निकाल्न सकेको थिएन। तर विश्वकपको समूह चरणमा भने साउदी अरेबियालाई ५-० ले तथा इजिप्टलाई ३-१ ले हराउँदै रुसले अन्तिम १६ को यात्रा पक्का गर्‍यो। यद्यपि समूहको अन्तिम खेलमा भने रुसलाई उरुग्वेले ३-० ले पराजित गरेको थियो। यो खेलले रुसको डिफेन्स खराब रहेको पुष्टि गरे पनि नकआउट चरणमा रुसले बलियो देखिएको स्पेनलाई १ सय २० मिनेटसम्म रोकेको थियो।

यता क्रोएसिया भने पछिल्ला ५ खेलमा अपराजित नै रहेको छ। ब्राजिलविरुद्ध एन्फिल्डमा मैत्रीपूर्ण म्याच खेलेयता क्रोएसिया पराजित भएको छैन। विश्वकप तयारीअनुरूप खेलिएको अन्तिम वार्मअप म्याचमा सेनेगललाई २-१ ले हराएपछि क्रोएसिया रसिया पुगेको हो। जारी विश्वकपमा पनि क्रोएसियाले खेलेको ४ वटै म्याचमा शतप्रतिशत जित हासिल गरेको छ।

### रणनीति

सम्भावित ४-१-४-१ को रणनीति अपनाउन सक्ने क्रोएसियाविरुद्ध रुसले ४-२-३-१ को रणनीतिमा खेल्ने सम्भावना छ। जसअनुसार क्रोएसियाका फरवार्ड मारियो मान्डुजीकलाई अट्याकिङ मिडफिल्डर आन्टे रेबिच, लुका मोड्रिच, इभान राकिटिच र इभान पेरिसिचले आक्रमणमा सघाउनेछन्।

यता स्पेनलाई जसरी नै क्रोएसियाको आक्रमणलाई पनि विफल पार्न रसियाको गोलरक्षक इगोर अकीनफिभ र डिफेन्डर मानुएल फर्नान्डेज, इल्या कुटेपोभ, सर्जी इग्नासेभिच र फ्योडोर कुद्रिएसोभ पनि रक्षापंक्तिमा बलियो पर्खाल बन्न सक्नेछन्। यस्तै फरवार्ड अर्टेम ज्यूबासहित अट्याकिङ मिडफिल्डर एलेक्जेन्डर सामेडोभ, डेनिस चेरिसेभ, एलेक्जेन्डर गोलोभिनले क्रोएसियाको गोलरक्षक डेनिजेल सुबासेइचसहित डिफेन्डर सिमे भर्सलज्को, डेजन लोभरेन, डोमागज भिडा र जोसेप पिभारीचको रक्षापंक्तिलाई व्यस्त पार्न सक्नेछ।

यसै गरी रसियाली डिफेन्सिभ मिडफिल्डरद्वय यूरी गजिन्स्की र रोमन जोबनीन तथा क्रोएसियाली डिफेन्सिभ मिडफिल्डर मार्सेलो ब्रोजोभिचले भने आ-आफ्नो टोलीको रणनीतिअनुसार अग्रपंक्ति र रक्षापंक्तिलाई सहयोग गर्नेछन्।

रुस मुख्यत: डेनिस चेरिसेभ, अर्टेम ज्यूबा र एलेक्जेन्डर गोलोभिनको प्रदर्शनमा भर पर्नेछ। यता क्रोएसिया भने सेन्ट्रल मिडफिल्डरद्वय लुका मोड्रिच र इभान राकिटिच तथा स्ट्राइकर मारियो मान्डुजिकको प्रदर्शनमा निर्भर हुनेछ।



### हेड टु हेड

क्रोएसियाले अहिलेसम्म रुसविरुद्धको खेल गुमाएको छैन। पछिल्ला ३ भेटमध्ये क्रोएसियाले १ मा जित र २ मा बराबरीको नतिजा निकालेको छ। यसक्रममा क्रोएसियाले ३ गोल गर्दा रुसले १ गोल फर्काएको छ।

Vs